NATIONWIDE CHILDREN'S®
*When your child needs a hospital, everything matters.*

**Helping Hand™** *Health Education for Patients and Families*

# वार्टहरू: तरल नाइट्रोजन उपचार
# Warts: Liquid Nitrogen Treatment (Nepali)

वार्टहरू भनेको भाइरसका कारणले छालामा हुने वृद्धि हो। तिनीहरू आकार र देखिने तरिकामा फरक हुन्छन्। वार्टहरू प्रायः हात वा खुट्टामा हुन्छन् तर छालाको कुनै पनि भागमा हुन सक्छन्। तिनीहरू स्पर्श गरेर एक व्यक्तिबाट अर्को व्यक्तिमा फैलिन्छन्। केही वार्टहरू उपचारविना हप्ता वा महिनामा निको हुन्छन् तर केही वर्षौँसम्म रहन सक्छन्।

## के अपेक्षा गर्ने

तपाईंको बच्चाको वार्टलाई तरल नाइट्रोजनले उपचार गर्न सकिन्छ। तरल नाइट्रोजनले वार्ट र यसको वरिपरिको छालाको सानो भागलाई जमाउँछ र नष्ट गर्छ।

- स्प्रे बोतल वा कटन स्वाब वार्टमा तरल नाइट्रोजन राख्न प्रयोग गरिन्छ। यो लगाउन लगभग 10 देखि 20 सेकेन्ड लाग्छ। तरल नाइट्रोजन चिसो हुन्छ। यो फ्रस्टबाइट जस्तै पीडा हुन सक्छ वा छालामा टाँसिएको आइस क्यूब जस्तो महसुस हुन सक्छ। छाला तातो (पग्लिँदै जाँदा) हुँदै जाँदा, यो तातो महसुस हुन सक्छ वा जलिरहेको जस्तो हुन सक्छ।
- केही वार्ट धेरै बाक्लो हुन्छन्। उपचारले राम्रोसँग काम गर्नका लागि माथिको अतिरिक्त छाला हटाउनुपर्छ। तपाईंको बच्चाको चिकित्सक वा स्वास्थ्य स्याहार प्रदायकले निम्न कुरा गर्नु हुने छ।


©1992, संशोधित 2025, Nationwide Children's Hospital
क्रमश...

- फोका वा खटिरा तरल नाइट्रोजन प्रयोग गरिएको ठाउँमा आउने छ। वार्ट कहाँ थियो र यसको वरिपरिको छाला कति बाक्लो थियो भन्ने आधारमा यो बन्न धेरै समय लाग्न सक्छ। फोका सफा वा रगतले भरिएको हुन सक्छ। यो सामान्य कुरा हो।
- 4 देखि 7 दिनपछि, फोका वा खटिरा फुट्ने वा सुक्ने छ र खस्ने छ। त्यो क्षेत्र दुखेको हुन सक्छ।
- उपचारले सामान्यतया दाग छोड्दैन। उपचार गरिएको क्षेत्र हल्का रङको हुन सक्छ र सामान्य अवस्थामा फर्कन केही महिना लाग्न सक्छ। औँलाका नङ वरिपरि वार्ट छ भने, त्यहाँ नङमा छोटो समयका लागि, ग्रुभ जस्तै परिवर्तन हुन सक्छ।
- धेरैजसो वार्टलाई उपचारहरूबिच 4 देखि 6 हप्ताको अन्तरालका साथ तरल नाइट्रोजनले केही पटक उपचार गर्नुपर्छ। उपचारको सङ्ख्या वार्टको आकार र उपचारमा यसले कस्तो प्रतिक्रिया दिन्छ भन्ने कुरामा निर्भर गर्दछ।
- तपाईंको बच्चाको चिकित्सक वा स्वास्थ्य स्याहार प्रदायकले उपचारको बिचमा अर्को औषधि प्रयोग गर्न चाहन सक्नहुन्छ। औषधि पसलमा सजिलैसँग किन्न सकिन्छ वा प्रिस्क्रिप्शन गरिएको हुन सक्छ। यसले उपचारहरूलाई राम्रोसँग काम गर्न मद्दत गर्ने छ। औषधि प्रयोग गर्नुअघि तरल नाइट्रोजनबाट हुने जलन कम नभएसम्म पर्खनुहोस्।
- धेरैजसो वार्ट तरल नाइट्रोजनको उपचारले निको हुन्छ। उपचार गरिएको क्षेत्र वरिपरि वार्टहरू ठुलो हुन सक्छ वा साना वार्टहरूको घेरा बन्न सक्छ। यो असामान्य छ।

## के गर्नुपर्छ

- उपचार गरिएको क्षेत्रलाई हरेक दिन साबुन र पानीले धुनुहोस्। अझै पनि फोका वा खटिरा छ भने, त्यो क्षेत्रलाई राम्रोसँग सुकाउनुहोस् र पट्टीले कभर गर्नुहोस्। फोका फुट्यो वा खटिरा निस्कियो भने, त्यस क्षेत्रलाई राम्ररी सुकाउनुहोस् र डबल एन्टिबायोटिक मलम (Polysporin®) वा ट्रिपल एन्टिबायोटिक मलम (Neopsorin®) लगाउनुहोस्। त्यस क्षेत्रलाई पट्टी लगाउनुहोस्।

- दुखाइका लागि आवश्यकताअनुसार आफ्नो बच्चालाई एसिटामिनोफेन (Tylenol®) वा आइबुप्रोफेन (Advil® or Motrin®) दिनुहोस्। उहाँहरूका लागि सही डोज जान्नका लागि लेबल पढ्नुहोस्। **उहाँहरूलाई एस्पिरिन वा एस्पिरिन भएको कुनै पनि उत्पादन नदिनुहोस्।**

## चिकित्सकलाई कुन बेलामा कल गर्ने

उपचारपछि सङ्क्रमण सामान्य हुँदैन। निम्न कुरा भएमा तपाईंको बच्चाको चिकित्सक वा स्वास्थ्य स्याहार प्रदायकलाई कल गर्नुहोस्:

- उहाँहरूलाई 100.4° फरेनहाइट (F) वा 38° सेल्सियस (C) वा सोभन्दा बढी ज्वरो आउँछ।
- उपचारपछि फोका फट्छ र निको हुँदैन।
- फोका रातो, सुन्निएको, छुँदा तातो वा पिप निस्कने हुन्छ।